वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

**प्रेस विज्ञप्ति**

**२०८० असोज ५**

**बालसुधार गृहमा भएको मृत्युको सत्यतथ्य अनुसन्धान गर्न आग्रह**

विगत केही समयदेखि देशका तीनवटा बालसुधार गृहहरूमा भएको बालकहरूको मृत्यु तथा सुधार गृह तोडफोडको घटनाप्रति एड्भोकेसी फोरम-नेपाल चिन्ता व्यक्त गर्दछ । भक्तपुर, पर्सा र बाँकेका बालसुधार गृहहरूमा भएको दुःखद घटनाले देशभरिका सुधार गृहहरूको अवस्था सामान्य नरहेको र त्यसलाई समाधानका लागि तत्काल कदम चाल्न जरूरी रहेको हाम्रो ठहर छ ।

भक्तपुर बालसुधार गृहमा भदौ ३ गते १८ वर्षीय बालकको समयमै उपचार नपाउँदा मृत्यु भएपछि बालकहरू तोडफोडमा उत्रिएको र परिस्थिति नियन्त्रणभन्दा बाहिर गएको तथ्य सर्वविदितै छ । त्यसपश्चात् १४ जना बालकलाई वीरगञ्ज, १४ जनालाई हेटौंडा, १३ जनालाई भैरहवा र ६ जनालाई डोटीको बाल सुधारगृहमा सारिएको थियो । भदौ २६ गते वीरगञ्ज बालसुधार गृहमा ढुंगामुढा र तोडफोडको घटना भएको थियो । घटनामा संलग्न १५ बालकलाई अहिले जिल्ला प्रहरी कार्यालय पर्सा हिरासतको महिला सेलमा राखिएको छ । त्यस्तै, हिजो रातिदेखि दुई पक्षबीच भएको झडपमा एक बालकको मृत्यु र ११ जना बालकहरू घाइते भएको जानकारी प्राप्त भएको छ ।

एड्भोकेसी फोरम-नेपालले विगत लामो समयदेखि बालसुधार गृहहरूको अवलोकन भ्रमण गर्दा क्षमताभन्दा बढी बालबालिका राखिएको र दैनिक रूपमा दिइने खाजा, खाना र पानी गुणस्तरीय एवं पोषणयुक्त नरहेको, शिक्षा तथा स्वास्थ्य उपचार र सीपमूलक तालिमको अभाव रहेको औंल्याएको थियो । १८ वर्षभन्दा बढी उमेर पुगेकालाई समेत नाबालकहरूसँगै राखिँदा पनि समस्या उब्जेको हो भन्ने हाम्रो निष्कर्ष रहेको छ ।

बालसुधार गृहहरूमा देखिएका समस्यालाई तत्काल सम्बोधन गरी समाधानका निम्न उपाय अवलम्बन गर्न एड्भोकेसी फोरम-नेपाल सरकार तथा अन्य सम्बद्ध निकायहरूलाई आग्रह गर्दछ :

- सुधार गृहहरूमा भएका घटनाहरूको यथाशीघ्र सत्यतथ्य अनुसन्धान गरी दोषीमाथि कारवाही गर्न,
- बाल न्याय सम्बन्धी कानून तथा संयन्त्रहरूको प्रभावकारी र व्यावहारिक रूपमा कार्यान्वयन गर्न,
- उचित भौतिक पूर्वाधार निर्माण गर्न, पर्याप्त पोषणयुक्त खाजा तथा खानाको प्रबन्ध गर्न, शिक्षा तथा सीप विकास तालिमको व्यवस्था गर्न,
- उमेर वर्गीकरण गरी बालबालिकालाई छुट्टाछुट्टै सुधारगृहमा राख्न,
- बालसुधार गृहहरूमा भएका समस्याहरूको पहिचान गरी यथाशीघ्र निराकरण गर्न ।

विकास बस्नेत

निर्देशक